**संघीय संसद**

**राष्ट्रिय सभा**

**संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति**

बैठक संख्याः२४६

मितिः २०८१/०२/१७

समयः दिनको १:०० बजे

प्रारम्भ: दिनको १:१० बजे

अन्त्य: दिनको २:२५ बजे

**छलफल तथा निर्णय :-**

समितिको आज मिति २०८१/०२/१७ गते बसेको बैठकमा बौद्धनाथ क्षेत्र विकास समितिबाट भएका कामकारवाही, प्रमुख सवाल, समस्याहरु र भावी कार्ययोजना सम्बन्धमा बौद्धनाथ क्षेत्र विकास समितिका अध्यक्ष राज कुमार लामा र सल्लाहकार मिलन भुजेल जिग्मीसँग छलफल भई देहाय बमोजिम निर्णय भयोः-

१. विश्व सम्पदा सूची बौद्धनाथ क्षेत्रको यथार्थ अवस्थाको जानकारी लिन स्थलगत अनुगमन गर्ने र बौद्ध क्षेत्र विकास समिति, स्थानीय सरोकारवाला निकाय र पक्षसंग अन्तरक्रिया गर्ने,

२. बौद्धनाथ क्षेत्रको सरकारी/ गुठी जग्गा लगायतका चल अचल सम्पत्तिको उपयोगको अवस्थाको सम्बन्धमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय लगायत सरोकार निकायसंग आगामी बैठकमा छलफल गर्ने,

३. समितिको आगामी बैठक मिति २०८१/०२/१८ गते विहान १०:३० बजे बस्नेगरी आजको बैठक अन्त्य भयो।

(सीता काफ्ले वाग्ले)
समिति सचिव

(सोनाम गेल्जेन शेर्पा)
सभापति